## आदरणीय आमा-बुबा, दिदी-बहिनी तथा दाजु-भाइहरू,

## देश-विदेशमा रहनुभएका युवा मित्रहरु,

देशमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको पनि पन्ध्र वर्ष पुरा हुन थालिसकेको छ तर जनताको गाँस-बास र कपासका समस्या झन्झन् विकराल बन्दै गइरहेका छन् । देशभित्र काम गरेर खाने वातावरण निर्माण हुन नसक्दा राष्ट्र निर्माणमा जुट्नु पर्ने युवा जनशक्ति परिवार पाल्ने बाध्यताले ठूलो संख्यामा विदेशिएको छ र दैनिक रुपमा यो संख्या बढिरहेको छ । आम जनता महँगीको मारमा थिचिएका छन् । गरिब मजदूर-किसानलाई जीवन धान्न धौधौ भईरहेको छ । राज्ययन्त्रका हरेक क्षेत्रमा भ्रष्टाचार व्याप्त छ ।

हामीले सामन्ती व्यवस्थाको अवशेष राजतन्त्रलाई २०६५ सालमा फाल्यौं तर दलाल तथा नोकरशाही पुँजीवादलाई फाल्न सकेनौ“ । गणतन्त्र स्थापनापछि देशको अर्थनीतिले राष्ट्रिय पूँजीको विकास गर्दै समाजवादी व्यवस्था स्थापनाको दिशामा अगाडि बढ्ने बाटो लिनु पर्ने थियो । दलाल पूँजीवादले अर्थनीतिका साथै राजनीति पनि कब्जा गरेका कारण देशमा समाजवाद उन्मुख आर्थिक नीति लागू हुन सकेन ।

देशमा व्याप्त दलाल पुँजीवादलाई परास्त गरी नेपाली राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्दै समाजवादको दिशामा अगाडि बढ्ने आव्हानका साथ युवा संघ नेपाल अगाडि बढेको छ । देशलाई भ्रष्टाचार, कुशासन र बेरोजगारीको दलदलबाट बाहिर निकाल्नका लागि युवासंघ नेपाल तपसिलमा बुँदागतरुपमा आफ्ना विचार, दृष्टिकोण र धारणा राख्न चाहन्छ-

### (१) खर्चिला उम्मेदवार बहिष्कार गरौ“, लोकतन्त्र सुदृढ गरौ“ !

हरेक तहको निर्वाचन अत्यधिक खर्चिलो हुँदै गएको कारणले नै देशको अर्थतन्त्र र राजनीति दलाल तथा विचौलियाको कब्जामा पुगेको छ । स्थानीय तहको वार्ड सदस्यदेखि संघीय सांसदको चुनाव धेरै खर्चिलो भएको छ । कुनै पनि उम्मेदवारले सधैंभरि घर-खेत बेचेर चुनाव खर्च जुटाउन सक्दैन । चुनाव खर्चका लागि व्यापारी-व्यवसायीसँग ठूलो मात्राको रकम चन्दा माग्नु पर्ने हुन्छ । जसले खर्च गर्न सक्छ, उसले मात्रै चुनाव जित्ने स्थिति बनेको छ । चुनावमा भएको अकूत खर्च उठाएमा मात्रै अर्को चुनावमा भाग लिन सकिन्छ भन्ने डर-त्रासले गर्दा इमान्दार मानिस पनि विस्तारै भ्रष्टाचारको दलदलमा फँस्ने खतरा रहन्छ । व्यापारी व्यवसायीले ठूलो धनराशी चन्दाको रुपमा त्यत्तिकै दिँदैनन् । उनीहरुले चन्दा दिएको रकमको कैयौं गुणा बढी असुल गर्न चाहन्छन् । यसैले अर्थनीति र समग्र प्रशासन यन्त्रमा उनीहरुको पकड बढ्दै जान्छ । राजनीतिमा दलाल पुँजीवादको कब्जा हुने मुख्य प्रस्थान बिन्दू खर्चिलो निर्वाचनको परिपाटी नै हो । अतः निर्वाचन खर्च जुटाउनकै लागि राजनीतिक पार्टीहरुले विभिन्न विचौलिया तत्वहरूसँग अनुचित संझौता गरिरहेको देखिन्छ ।

जनसेवामा समर्पित हुनसक्ने जनताका वास्तविक प्रतिनिधिले चुनाव लड्न नसक्ने परिस्थितिलाई हामीले फेर्नै पर्दछ । यसैले अब आउने हरेक चुनावमा जनताका वास्तविक प्रतिनिधि हुनसक्ने इमान्दार उम्मेद्वारलाई निर्वाचित गरौं, पैसाको बलमा चुनाव जित्न चाहने खर्चिला उमेदवारहरुलाई बहिष्कार गरौ“ । पैसा खर्च गर्न सक्नेलाई हैन, जनताको वास्तविक सेवक हुनसक्नेलाई चुनाव जिताएर पठाऊँ । यसो गऱ्यो भने मात्रै धमिलो राजनीति सङ्लो हुँदै जानेछ, र राज्यका नीतिहरु सही रुपमा निर्माण हुन थाल्नेछन् ।

### (२) कृषि उत्पादन बिक्रीको सुनिश्चितता गरौ“, देशलाई समृद्धिको बाटोमा अगाडि बढाउ“ँ !

नेपालको कृषिक्षेत्र पछाडि पर्नुका मूलतः दुईवटा कारण देखिन्छन्, पहिलो- कृषि क्षेत्रमा जोखिमका सवालहरुमा व्यावसायिक सुरक्षा, सिँचाई, मल, बिउ र प्रविधिमा राज्यले यथोचित लगानी नगर्नु, कृषि क्षेत्र राज्यबाट उपेक्षित हुनु, कृषि क्षेत्रमा दिइने अनुदान सीमित पहुँचवालाहरुको हालिमुहाली रहनु र अत्याधिक दुरुपयोग हुनु, कृषिमा उपलब्ध हुने ऋणमा आम युवाको पहुँच नहुनु पहिलो समस्या हो । दोस्रो उत्पादित कृषि उपजको उचित मूल्यमा बिक्री हुने सुनिश्चितता नहुनु हो । यिनै कारणले गर्दा अहिलेको युवा पंक्ति कृषिबाट पलायन भइरहेको छ । अर्थतन्त्रमा कृषिको योगदान निरन्तर घट्दै गइरहेको छ जसले गर्दा वर्षेनी अरबौं रुपियाँ बराबरको कृषि उपज र पशु-पंक्षी आयात भइरहेका छन् । देशको ब्यापार घाटा बढ्दै जानुमा कृषिजन्य सामान र पशुपंक्षी आयतमा निरन्तर बृद्धि हुँदै जानु एक मुख्य विषय हो ।

युवा संघ नेपाल कृषि क्षेत्रमा लगानी बढाउन र कृषि उत्पादन बिक्रीको सुनिश्चितता कायम गर्ने नीति बनाई लागू गराउनका लागि राज्यलाई दबाब दिन कृत संकल्पित छ । कृषक तथा कृषि ब्यबसायीहरुको सम्मान, सुरक्षा र ब्यवसायिक जोखिमको संरक्षण हुनुपर्छ भन्ने मान्यता राख्दछ । सरकारको काम हरेक वर्ष कृषि उत्पादनको समर्थन मूल्य तोक्नु मात्रै होइन, किसानको उत्पादन बिक्री नभएमा आफैंले खरिद गरिदिने व्यवस्था गर्नु पर्दछ । आउनुहोस्, युवा संघ नेपालले अगाडि सारेको यस मागलाई लागू गराउन सबैक्षेत्रबाट एकजुट बनौ“ ।

३. श्रमिकलाई सम्मान र श्रम प्रति गर्व गरौ“, रोजगारीको श्रृजना गर्दै युवा पलायनलाई रोकौ“ ।

नेपाली युवाले नेपालमै श्रम विक्री गर्न सक्ने अवस्थाको श्रृजना गरिनुपर्छ । हाल एउटा युवा १८ वर्ष पुग्ने वित्तिकै विदेश पलायन हुनुपर्ने बाध्यात्मक अवस्था छ । देशको आर्थिक अवस्था विप्रेषणले धानेको छ । युवा पुस्ताले दुःख नगरी संसारको कुनै देश बनेको छैन । कुनै पनि नाममा युवा जनशक्ति विदेश पलायन हुने प्रवृतिलाई रोक्दै, वैदेशिक रोजगारीको निर्भरता क्रमशः कम गर्ने नीति-कार्यक्रम बनाई लागू गराउनका लागि आवाज उठाऊँ । श्रम तथा श्रमिक व्यवस्थापनको लागि श्रम कार्ड सहितको पहिचान दिने गरी छुट्टै 'युथ कार्ड' को व्यवस्था हुनुपर्छ । श्रम विक्रीको लागि श्रम बैंकको स्थापना र रोजगारी (काम)को सुनिश्चितता हुनुपर्छ अन्यथा बेरोजगार भत्ता वा वेरोजगार विमाको नीति तर्जुमा गरिनु पर्छ । युवाहरुलाई रोजगारीको अवसर दिंदै देशको विकासमा लगाउन 'डेभलपमेण्ट फोर्स' निर्माण गरी देशको विकासमा परिचालन गरिनुपर्छ भन्ने युवा संघ, नेपालको माग रहेको छ ।

वैधानिक रुपमा रोजगारीको शिलशिलामा विदेश गएका र देशमा विप्रेषण पठाइरहेका सन्दर्भमा त्यस्तो व्यक्तिका घरमा पनि शिक्षा, स्वास्थ्य वा आकस्मिक दुर्घटना जस्ता समस्यामा राज्यले संरक्षकको दायित्व वोध गरी सहयोग गर्ने नीतिगत व्यवस्था गरिनु पर्छ । १० औं वर्ष विदेश वसेर विप्रेषण भिœयाउने युवालाई राज्यले सम्मान एवं सहुलियत वापत विप्रेषणको निश्चित प्रतिशत राष्ट्रिय गौरवका आयोजनाहरुमा शेयर लगानीको व्यवस्था वा सामाजिक सुरक्षा कोषस“ग आवद्ध हुने व्यवस्था गरिनु पर्छ । यसले उसको जीवनको बाँकी आश्रित अवधि सुरक्षित बनोस् । वैदेशिक रोजगारीमा गएकाहरुको सिप, श्रम र पू“जीलाई उपयोग गर्ने गरी सहयोगी कानुनहरु निर्माण गरिनु पर्छ । वैदेशिक रोजगारीका क्षेत्रमा आउने सबै समस्या र गुनासो सम्बोधनका लागि २४ सै घण्टा सेवा पाउने गरी सरकारका तर्फवाट "वैदेशिक रोजगारी समस्या र द्रुत समाधान हेल्प डेस्क" को स्थापना गरी सेवा प्रवाह हुनुपर्छ भन्ने सुझाव र माग रहेको छ ।

(४) सार्वजनिक क्षेत्रको शिक्षा र स्वास्थ्यको गुणस्तरमा सुधार गरौ“, स्वदेशमै पढ्न पाउने व्यवस्था गरौ“

नागरिकलाई शिक्षा र स्वास्थ्य सेवा प्रदान मुल दायित्व राज्यको नै हो भन्ने कुरा युवा संघ नेपालको मान्यता रहेको छ । यसर्थ शिक्षा र स्वास्थ्य क्षेत्रमा राज्यले लगानी बढाउनु र गुणस्तरीयतालाई विशेष ध्यान दिनु पर्दछ । सार्वजनिक (सरकारी) लगानीमा स्थापित शैक्षिक क्षेत्रको गुणस्तरमा सुधार गर्नु दक्ष नागरिक उत्पादनको पहिलो शर्त हो । सर्वसुलभ तथा गुणस्तरीय शिक्षा एवं स्वास्थ्य सेवा पाउने अवस्थामा सार्वजनिक (सरकारी) शिक्षा तथा स्वास्थ्य संस्थाहरुको रोजाई नै आम नागरिकहरुको पहिलो प्राथामिकता हुन्छ । यसको उदाहरण राम्रो व्यवस्थापनमा संचालन भईरहेका केही सरकारी विद्यालय, कलेज तथा सार्वजनिक वा सामुदायिक अस्पतालहरु रहेकै छन् । आम सर्वसाधारणले मोटो रकमको अभावमा शिक्षा र स्वास्थ्यजस्तो आधारभूत सेवाबाट बन्चित हुनु हुँदैन । बढी सुविधा चाहने धनी वर्गका मानिसले निजी विद्यालय र अस्पतालको सेवा लिने विषयमा युवा संघ नेपाललाई कुनै आपत्ति छैन तर गरिब, किसान, मजदुर अथवा आमनागरिकले पनि त्यही किसिमको गुणस्तरीय र सर्वसुलभ सेवा पाउनुपर्छ भन्ने संघको जोडदार माग रहेको छ ।

चिकित्सा शिक्षा, इन्जिनियरिङ, विविध प्रविधि र कृषि शिक्षा अध्ययन गर्नका लागि वर्षेनी हजारौंको संख्यामा नेपाली विद्यार्थीहरु विदेशिन बाध्य भएका छन् । यसबाट अरबौं रुपैयाँ बाहिरिएको छ । यसलाई रोक्नका लागि हाम्रा विद्यार्थीहरुले स्वदेशमै पढ्न पाउने व्यवस्था हुनु पर्दछ । आधारभूत शिक्षा र स्वास्थ्य सेवा निशुल्क हुनु पर्दछ तथा जटिल शल्यक्रिया र उच्च  शिक्षा सस्तोमा उपलब्ध हुने तथा गरिब, किसान, मजदुर र कमजोर बर्गले सहुलियत पाउने व्यवस्था गरिनु पर्दछ भन्ने माग युवा संघ नेपालले उठाउँदै आएको छ । युवा संघ नेपाल, नेपालको समग्र शिक्षालाई आधुनिक, ब्यावसायिक र जिवनोपयोगी बनाउदै, सार्वजनिक शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर सुधार्न तथा यस क्षेत्रमा राज्यको लगानी वृद्धि गरी सहज र सर्वसुलभ बनाउनका लागि दबाबमूलक आन्दोलन गर्न कृतसंकल्पित छ ।

### (५) नेपाली मौलिक उत्पादनको संरक्षण गरौ'', देशको औद्योगीकरण गर्दै अर्थतन्त्र सुदृढ गरौ'':

देशको उन्नति-प्रगति, रोजगारीको विस्तार र आमजनताको समृद्धि तब मात्रै प्राप्त हुन सक्छ जब हाम्रा मौलिक उत्पादनको संरक्षण र परिस्कार गरेर अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सकिन्छ । मासुमा प्रयोग हुने नेपाली स्थानीय जातका पशु-पंक्षी र माछा, खाद्यन्न, तरकारी तथा फलफूलका मौलिक बिउ-बिजन, जडिबुटी र तिनबाट उत्पादन हुनसक्ने नेपाली ज्ञानमा आधारित औषधिहरू, नेपाली स्थानीय मदिरा, नेपाली हस्तकलाका सामान इत्यादि नेपाली मौलिक वस्तुको उत्पादन, प्रचारप्रसार र ब्राण्डिङ गरी आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यातमा बृद्धि गर्ने अभियान सञ्चालन गरियोस् । युवा संघ नेपाल, नेपालमा रहेका सम्भावित खानी तथा श्रोतहरुको पहिचान गरी तिनको उत्पादनको लागि उद्योग स्थापना गर्ने तथा देशको सबल, सक्षम अर्थतन्त्रको विकासमा जोड दिन चाहन्छ ।

### (६) देशको सुरक्षा, सीमा व्यवस्थापन र राष्ट्रिय एकतामा जोड दिऔं''

सरणार्थीका नाममा नेपालसँग सीमाना नजोडिएका देशबाट समेत मानिसहरु नेपालमा आउने र गंभीर समस्या सिर्जना गर्ने काम भइरहेको छ । भारतको भूमि प्रयोग गरेर अन्य मुलुकबाट शरणार्थीको रुपमा नेपालमा कसरी विदेशी नागरिक आउन सफल भए ? यो प्रश्न धेरै गम्भिर छ । यसैगरी हरेक वर्ष नेपाली भूमि मिचिने गरेको समाचार सुन्न हामी बाध्य छौ'', यसैले नेपाल-भारतका बीचको सीमा नाकाबाट आवत-जावत गर्नेहरुको रेकर्ड राख्ने र अनुचित मानिसको नेपालमा प्रवेश हुनबाट कडाईका साथ रोक्ने काम हुनु पर्दछ । यसैगरी नेपालको बाटो भएर खुला सीमानाको प्रयोग गर्दै भारतमा अनुचित मानिस जान नपाऊन्

भन्नेतिर पनि ध्यान जान आवश्यक छ । नेपाल र भारतका बीचको खुला सीमाना व्यवस्थित गर्नु नेपाल र भारत दुबै देशको हितमा छ भन्ने विषयलाई सरकारले गम्भिरतासाथ लिन आवश्यक छ ।

देशप्रेमी युवा साथीहरु,

नेपालीहरुलाई जात-जाति र मधेशी-पहाडीका नाममा आपसमा वैमनश्यता गराएर, एक-अर्कामा अविश्वास सिर्जना गराएर द्वन्द्व सिर्जना गराउने काममा विभिन्न विदेशी शक्तिहरु लागेका छन् भन्ने तथ्य अब कसैबाट पनि लुकेको छैन । नेपाललाई अस्थिर र द्वन्द्वग्रस्त बनाएर मित्रराष्ट्र चीन र भारत दुवैतिर समस्या सिर्जना गर्ने काम हुँदैछ । यो विषयलाई नेपालले भारत र चीनका सरकारहरुलाई गम्भिरताका साथ बताउनु पर्दछ । हामी नेपाली आपसमा एकजुट हुने हो भने विदेशी तत्वहरुले हाम्रो बीचमा खेल्न सक्ने छैनन् । यसैले नेपाली एकतालाई बलियो बनाऔं‘‘ ।

आम जनसमुदाय तथा युवा साथीहरू,

राजनीति सुधारेर मात्रै देशका तमाम समस्या समाधान गर्दै जान सकिन्छ । संविधानमा लेखिएको समाजवादको यात्रा र मौलिक हकको विषयहरु कार्यान्वयनमा किन चासो दिईदैन ? संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान बनेर पनि देश सही बाटोमा किन जान सकेन ? भन्ने प्रश्नको एउटै उत्तर हो- देशको राजनीति जनमुखी हुन सकेन । यसो नहुनुमा अर्थतन्त्र दलाल पूँजीवादको कब्जामा हुनु हो । कम्युनिस्ट पार्टीको नेतृत्वमा पुगेका नेताले आफ्नै बहुमतको संसद किन भंग गरे ? वैदेशिक दलाल पूँजीवादको षडयन्त्रको चक्रमा परेका कारणले नै गैरसंवैधानिक तरिकाले संसद भंग गर्ने काम भयो । सर्वत्र दलालतन्त्रको कब्जा हुनु नै नेपाली राजनीतिको मूल समस्या हो । यसै कारणले परंपरागत राजनीतिको फोहोरलाई सफा गरी राजनीतिलाई सही ठाउँमा ल्याउने उद्घोषका साथ विद्रोह गर्दै नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)को स्थापना भएको छ । युवाहरुलाई राजनीतिमा स्थापित गर्नका लागि यस पार्टीले ठोस नीति अगाडि सारेको छ । चालिस वर्षभन्दा मुनिका युवाहरुलाई पार्टीका हरेक संगठनमा स्थापित गर्दै जाने नीति नेकपा (एकीकृत समाजवादी)ले मात्रै लिएको छ । आउनु होस्, राष्ट्र निर्माणका लागि नेकपा (एकीकृत समाजवादी)को कलम चिन्हमा मतदान गरौं ।

न्यायप्रेमी युवा साथीहरु,

हाम्रो मुलुक २०६८ बाट जनसांख्यिक लाभांसमा छ, जनसंख्या विदहरुले भने जस्तै यसलाई ५० वर्षको सिमारेखा भित्र राखेर हेर्ने हो भने हामीले ११ वर्ष विताइसक्यौं‘‘ । अव ३९ वर्ष बाँकी छन । यो अवधिमा हामीले विकास गर्न सकेनौं‘‘ भने हाम्रो समाज विकास नगरी अथवा समृद्धि हासिल नगरी वृद्ध बन्ने छ । त्यस्तो अवस्थामा ३९ वर्ष पछि हाम्रो समाजको अवस्था र नागरिकको जीवन कस्तो होला ? त्यतिवेला विश्व कहाँ होला र हामी नेपाली कहाँ हौंला ? अनुमान लगाऔं‘‘ त ! ओ हो भयावह अवस्था पो देखिन्छ । यसले पनि देखाउ‘‘छ कि हामीस‘‘ग अलमल र ढिलो गर्ने समयको छुट छैन । हामी युवाका व्यथा र पीडा यहाँ चर्चा गरिएभन्दा कयौं गुणा धेरै छन् यसैले हाम्रा माग पनि धेरै छन् । यहाँ हामीले केही प्रमुख विषय मात्रै उठाएका छौं‘‘ । यी सबैको चुरोमा खर्चिलो निर्वाचनको परिपाटी हटाउनु नै प्रमुख रहेको छ । प्रो. एजाज अहमदको यो भनाई मननयोग्य छ- “चुनावमा गरीबहरुको मत प्रभावित गर्नका लागि जसरी पैसाको खोलो बगाइन्छ, त्यसमा नियन्त्रण मात्रै गर्न सक्ने हो भने बुर्जुवा वर्गको उमेदवारले कुनै हालतमा पनि श्रमजीवी वर्गको उम्मेदवारलाई परास्त गर्न सक्ने छैन ।” ( प्रो. एजाज अहमद, कम्युनिस्ट घोषणापत्रको सामयिकता) । आउनु होस् हामीले प्राप्त गरेको लोकतन्त्रलाई पैसामा

बिक्न नदिऊँ । चुनावी खर्चमा नियन्त्रण गरेर मात्रै गरीबहरुको मत खरिद-बिक्री हुनबाट जोगाउन सकिन्छ । त्यसो भयो भने मात्रै जनताका वास्तविक प्रतिनिधिले जित्ने छन् जसले निस्वार्थ भावले देशको पक्षमा सही नीति निर्माण गरेर लागू गर्ने काममा आफूलाई समर्पित गर्ने छन् ।

आउने महा-निर्वाचनमा खर्चिला उमेदवार बहिस्कार गरौ'', पैसा लिएर आउनेलाई हैन, राष्ट्र निर्माणको विचार लिएर आउनेलाई निर्वाचित गरौ'' । कलम चिन्हमा मतदान गरौ'' ।

## युवा संघ नेपाल

महाकाली-मेची राष्ट्रिय युवा जागरण अभियान-२०७९ (२०७९ भाद्र १५-२३)